जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
एक कदम अगाडि
Jaleshwor Today National Daily
बर्ष १२ • अंक १६३ • २०८१ चैत्र २२ गते शुक्रवार • 4 Apr. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

## सरकारका उच्च पदस्थ कर्मचारीले आफूलाई समेत लाभ हुने गरी कानुनी व्यवस्था गरेको

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ चैत्र**



सङ्घीय निजामती सेवा विधेयकको दफाबार छलफलमा संलग्न सरकारका उच्च पदस्थ कर्मचारीले आफूलाई समेत लाभ हुने गरी कानुनी व्यवस्था गरेको पाइएको छ। राज्य व्यवस्था तथा सुशासन समितिको उपसमितिले गोप्य छलफल गरेर तयार पारी सार्वजनिक गरेको निजामती सेवा विधेयकको प्रतिवेदन अनुसार कर्मचारीको उक्त इच्छालाई समिति सदस्यले समेत अनुमोदन गरेका हुन्।

संवैधानिक र अन्य सरकारी नियुक्तिमा विधायिकाले नै कर्मचारीबिच विभेद हुने गरी कानुनी व्यवस्थामा सहमति गरेको हो । संवैधानिक आयोगमा नियुक्तिबाहेक अन्यका हकमा 'कुलिङ पिरियड' को व्यवस्था तात्त्विक रूपमा फरक नपर्ने गरी उपसमितिले प्रतिवेदन बनाएको हो । विधेयकउपरको छलफलमा कानुनका विशिष्ट श्रेणीका कर्मचारी तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विशिष्ट कर्मचारी पनि सहभागी थिए। कानुन समूहका कर्मचारी र शीर्ष नेताको जोडबलमा ती व्यवस्था राखिएका हुन् । उपसमितिका दुई सदस्यले प्रस्तावित व्यवस्थामा फरक मत राखेका छन्। निजामती र अन्य सरकारी सेवाबाट अवकाशपछि संवैधानिक र सरकारी नियुक्तिमा कर्मचारीबिचमै विभेदको व्यवस्था विधेयकको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनले परराष्ट्र र न्याय, कानुन तथा सरकारी वकिल समूहका कर्मचारीलाई भने अलग व्यवहार गरेको छ । संवैधानिक नियुक्तिमा एक वर्षको कुलिङ पिरियड राख्ने व्यवस्था उपसमितिले गरे पनि राजदूत र न्यायाधीशको हकमा सो व्यवस्थाले बाधा नपर्ने व्यवस्था गरिएको छ । उपसमितिको प्रतिवेदनमा भनिएको छ, "निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले एक वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन तर नेपाल सरकारले गर्ने कूटनीतिक नियुक्ति वा नेपालको संविधानबमोजिम न्याय परिषद्को सिफारिसमा न्यायाधीश पदमा हुने नियुक्ति पाउन यस उपदफाको व्यवस्थाले बाधा पारेको मानिने छैन ।" उपसमितिले संवैधानिक आयोगमा नियुक्तिका लागि अवकाश प्राप्त कर्मचारीलाई एक वर्षको समयसीमा राखे पनि राजदूत र न्यायाधीशको हकमा लागु नहुने व्यवस्था गरेको हो। अहिले परराष्ट्र सेवाका कम्तीमा सहसचिव रहेका कर्मचारी सेवामा रहँदै राजदूतमा जाने गरेका छन्। यस्तै न्याय, कानुन र सरकारी वकिल रहेका बहालवाला कर्मचारीलाई श्रेणी अनुसार संविधानले जिल्ला, उच्च र सर्वोच्च अदालत जान पाउने व्यवस्था गरेको छ । अन्य समूहका कर्मचारीलाई संवैधानिक तथा सरकारी नियुक्तिका लागि एक वर्षको कुलिङ पिरियड तोकिए पनि राजदूत र न्यायाधीश नियुक्तिमा अवकाशपछि पनि कुनै सीमा नतोकिएको हो । संवैधानिक व्यवस्था विपरीत हुने भएकाले न्यायाधीश र कूटनीतिक क्षेत्रको हकमा कुलिङ पिरियड नराखिएको राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले बताउनुभयो। खतिवडाले भन्नुभयो, "संविधानको व्यवस्था विपरीत हुने भएकाले हामीले दुई नियुक्तिका हकमा कुलिङ पिरियड नराखेका हौँ। संवैधानिक नियुक्तिमा एक वर्ष राखिएको छ। गैरसरकारी संस्थामा जान दुई वर्ष रोक लगाउने सरकारको प्रस्ताव यथावत् नै छ।"

खतिवडाले संवैधानिक व्यवस्था प्रतिकूल हुने बताए पनि अवकाश पाएका कर्मचारी नै राजदूत र न्यायाधीश हुनुपर्ने व्यवस्था संविधानले यकिन गरेको छैन । बहालवाला कर्मचारी पनि न्यायाधीश नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ। कानुन व्यवसाय, प्राध्यापक, कानुनकै अध्ययन अनुसन्धानमा संलग्न व्यक्ति पनि न्यायाधीश हुने व्यवस्था संविधानले गरेको छ। अहिले न्याय, कानुन र सरकारी वकिलमा कार्यरत उपसचिव सरहका कर्मचारी जिल्ला अदालत, सहसचिव सरहका कर्मचारी उच्च अदालत र सहसचिव वा सोभन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको व्यक्ति सर्वोच्चमा समेत नियुक्त हुन सक्ने व्यवस्था छ। राजदूतका हकमा भने कर्मचारी नै नियुक्त हुनुपर्ने व्यवस्थासमेत संविधानमा छैन। राजदूत समावेशी रूपमा नियुक्त हुनुपर्ने व्यवस्था संविधानले गरेको छ। उपसमितिको व्यवस्थाले संवैधानिक आयोग र अन्य सरकारी नियुक्तिबाहेक न्यायाधीश र राजदूतको हकमा सेवा रहँदै वा अवकाशपछि पनि नरोकिने व्यवस्था गरेको हो। राज्य व्यवस्था समिति स्रोतका अनुसार कानुनका विशिष्ट कर्मचारीले कुलिङ पिरियड नराख्न विशेष आग्रह नै गरेका थिए । पदमा हुँदा योग्य भएको नियुक्तिका लागि अवकाशपछि नरोक्न उनीहरूले आग्रह गरेका थिए । कानुनका सचिवहरूले समितिमा र सदस्यहरूलाई व्यक्तिगत रूपमा पनि नियुक्ति पाउने समयसीमा नराख्न आग्रह गरेका थिए ।

## अस्ताउँदो सूर्य र छठी मातालाई मूल विधि सहित अर्घ दिईयो



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २१ चैत्र**

चैत शुक्लपक्षमा चार दिनसम्म मनाइने चैती छठ पर्वको तेश्रो दिन बिहीबार अर्थात षष्ठी तिथीलाई छठको मुख्य दिन मानिन्छ। छठको मुख्य दिन आज साँझ ब्रतालुहरुले नदि, पोखरी, तलाउ लगायतका जलाशयमा तयार पारिएको छठ घाटमा पुगेर अस्ताउँदो सूर्य र छठी मातालाई मूल विधि साझुका अर्घ दिईएको हो।औरही नगरपालिका वडा १ औरहीबाट बग्ने जङ्हा खोलामा कार्तिक महिनाको छठ पर्व र चैती छठ पर्व गर्नेहरुले जङ्हा खोलामा हरेक वर्ष जेसिबीले खनेर दुई पटक पानी निकाली छठ पर्व मनाउने गरेका छन् ।

तर यस वर्ष सो जङ्हा खोलामा जेसिबीले ६ फिट खन्दा पानी आएन अहिले जङ्हा खोला पूर्ण रुपमा सुकिसकेका कारण यस वर्ष छठ पर्व गर्ने ब्रतालुहरु सोहि वडामा पर्ने महादेब पोखरी भन्नेर चिन्ने पोखरीमा औरही नगरपालिका वडा १ का स्थानीयहरु सो पोखरीमा करिब १५० घर परिवार एकै ठाउमा छठ पर्व मनाएका छन् ।

त्यस्तै औरही नगरपालिका ७ सोनामाई भोएल स्थित रहेको शक्ति पिठ मन्दिर सोनामाई मन्दिर अगाडी भएको पोखरीमा करिब ८० घर परिवार चैती छठ पर्व मनाउदै आएकाको छ। चैती छठको अबलोकन गर्न आउने श्रद्धालु भक्तजनको भीड लागेको छ ।गत मंगलबारदेखि विधिवत रुपमा सुरु भएको छठ पर्वको अन्तिम दिन सप्तमी तिथी, भोलि (शुक्रबार) बिहान ब्रतालुहरुले फेरी छठघाटमा पुगेर उदाउँदो सुर्य र छठीमातालाई अर्घ दिएपछि छठ पूजा विधिवत रुपमा समापन हुन्छ । सूर्य भगवान र छठी मातालाई पूजापाठ र अर्घ दिनका लागि गहुँ वा चामलको पिठोबाट ठेकुवा बनाउने गरिन्छ।यस्तै मुला, गाजर, बेसारको हरियो बेर्ना, ज्यामिर, नरिवल, सुन्तला, केरा, स्याउ, पानी सिंगडा, सुथनी, उखु लगायतका फलफूल पनि सूर्य भगवान र छठी मातालाई अर्घ दिने गरिन्छ । चैती छठ पर्वका लागि महोत्तरीको विभिन्न नदि, पोखरी तथा जलासय सरसफाई गरिएको छ । तराई मधेसबासीको महान् चाड छठ पर्व कात्तिक र चैतमा गरि वर्षमा दुई पटक मनाउने गरिन्छ ।

## देशकै सबैभन्दा ठुलो विद्युत् सब स्टेसनमा लागेको आगलागी नियन्त्रणमा



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २१ चैत्र**

धनुषाको ढल्केबरस्थित देशकै सबैभन्दा ठुलो विद्युत् सब स्टेसनमा लागेको आगलागी नियन्त्रणमा आएको छ ।

नजिकै रहेको बसही खोलामा फालिएको फोहरबाट सुरु भएको आगो फैलिँदै गएपछि सब स्टेसनको पश्चिमी भागमा आगलागी भएको थियो । नेपाल विद्युत प्राधिकरणका महाशाखा प्रमुख विनोद लोहनीले सब स्टेसनको पश्चिमी भागमा लागेको आगो कर्मचारी र सुरक्षाकर्मीले वारुण यन्त्रको सहयोगमा नियन्त्रणमा लिएको बताउनुभयो । उहाँले बुधबार करिब १२ बजे आगलागी भएको जानकारी दिनुभयो । उहाँका अनुसार आगलागीबाट सब स्टेसनको पश्चिम भागमा सामान्य क्षति पुगेको छ । आगलागीबाट ग्रिड पावर ट्रान्सफर्मरसँग जडान गरिएको तारमा क्षति पुगेको छ ।

आगलागीबाट थप क्षति हुन नदिन धनुषा, सिराहा र मलङ्वा क्षेत्रमा विद्युत् आपूर्ति बन्द गरिएको थियो । आगलागी नियन्त्रणपछि जनकपुर क्षेत्रको विद्युत् सेवा पुनः सुचारु गरिएको छ भने जाँच तथा मर्मतपछि सिराहा र मलङ्वा फिडरमा पनि विद्युत् प्रवाह गर्ने तयारी भइरहेको महाशाखा प्रमुख लोहनीले बताउनुभयो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रखाईको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# गणतन्त्रको रक्षा गरौं

*नेपालका राजतन्त्र वैदिककालदेखि नै रहेको पाइन्छ। हिन्दु धर्मशास्त्रमा वर्णन गरिए अनुसार नेपालमा राजा मनु, जनक वंशका राजा, किरात, लिच्छवि वंश र मल्ल राजाहरूले शासन गरेका थिए। यसले के जनाउँछ भने नेपालमा हजारौं वर्षदेखि ससाना क्षेत्रमा शासन गर्ने धेरै राजा थिए। पछिल्लो समय पृथ्वीनारायण शाहले बाइसे, चौबिसे राज्यलाई एकीकरण गरे र शाहवंशको एकीकृत शासन सुरु गरे। राजपरिवारभित्र गद्दी हत्याउने षड्यन्त्रहरू अनेकन रूपमा देखिन थालेको थियो। विसं १९०३ मा कोतपर्व भयो। कोतपर्वपछि राणाहरूको मनोबल बढ्यो र जङ्गबहदुरले शाहवंशका राजाहरूलाई निष्क्रिय बनाउँदै राणा शासनको स्थापना गरे।*

*२००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि राणाशासनको अन्त्य भयो र पुन: शाहवंशले सत्ता पायो। त्यहीबेला भागेर भारतमा शरण लिइसकेको राजसंस्थालाई सत्तामा राख्ने काम राजनीतिक नेतृत्वले नै गरेको थियो। राजा, राणा र कांग्रेसको त्रिपक्षीय सम्झौता अनुसार राणालाई प्रधानमन्त्री बनाएर त्रिभुवनले आफूलाई राजगद्दीमा राखेका थिए। त्यतिबेला त्रिभुवनले संविधान सभाको निर्वाचन गर्ने कुरा गरेका रहेछन्। त्यो अडियो आज पनि सुन्न सकिन्छ।*

*संविधान सभाको निर्वाचन हुन नसकेपछि २०१५ सालमा पहिलो पटक संसदीय निर्वाचन सम्पन्न भयो। २०१७ सालमा राजा महेन्द्रले राजनीतिक कुसँगै प्रजातन्त्रको अन्त्य गरे र निर्दलीय पञ्चायती शासन लागु गरे। निर्दलीय पञ्चायती व्यवस्थाविरुद्ध नेपाली जनताले लामो र कठिन सङ्घर्ष गर्नु पर्‍यो। गणतन्त्र पक्षधरहरूको एकता, सहमति र सहकार्यले मात्रै गणतन्त्र सुदृढ गर्न सम्भव हुन्छ। गणतन्त्र कार्यान्वयनमा ढिलाइ भएकै कारण रैतीहरू टाउको उठाउन खोजेका छन्। नागरिक सचेत हुनु पर्छ। सबै सचेत बनौं। गणतन्त्रको रक्षा गरौं।*

# स्थानीय सरकार प्रमुख तथा सरोकारवालाहरुसँग अन्तर्क्रिया



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २१ चैत्र**

राष्ट्रिय खाद्य बैंक लिमिटेड काठमाडौंले बिहीबार राजविराजमा स्थानीय सरकार प्रमुख तथा सरोकारवालाहरुसँग अन्तक्रिया गरेको छ। दिगो कृषि उत्पादन हाम्रो अभियान अन्तर्गत 'किसानको आलीदेखि उपभोक्ताको थालीसम्म' मूल नाराका साथ खाद्य बैंकले सरोकारवालाहरुसँग अन्तरक्रिया गरेको हो। प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष एवं नेपाल राष्ट्र बैंकका पूर्व गर्भनर तथा राष्ट्रिय खाद्य बैंकका अर्थ संयोजक दिपेन्द्र बहादुर क्षेत्रीले कार्यक्रमको उद्घाटन् गर्नुभयो। अन्तरक्रियाको उद्देश्यबारे जानकारी दिनुहुँदै खाद्य बैंकका संस्थापक अध्यक्ष शंकरनाथ उप्रेतीले कृषिमा रोजगारी सृजना गरेर उत्पादनलाई बजार सम्म पुर्‍याउने लक्ष्यका साथ खाद्य बैंक काम गरिरहेको बताउनुभयो।

उहाँले रैथानेबालीहरुको संरक्षण गर्दै देशलाई कृषिमा आत्मनिर्भर बनाउन आवश्यक रहेको बताउनुहुँदै कृषिलाई उद्योगसँग जोडर कृषि औद्योगिकरण हुनुपर्नेमा जोड दिनुभयो। "अखाद्य खानेकुराहरुको विगविगी भयो, अब अखाद्य कृषि उपजलाई घटाउँदै स्वस्थकर कृषि उपजलाई बढावा दिनुपर्छ," उहाँले भन्नुभयो। दिगो कृषि उत्पादन हाम्रो अभियान अन्तर्गत 'किसानको आलीदेखि उपभोक्ताको थालीसम्म' मूल नाराका साथ मधेश प्रदेशको सप्तरीबाटै अभियानको सुरुवात गरिएको जानकारी दिनुहुँदै उहाँले किसानलाई धनी बनाउन र उपभोक्तालाई स्वस्थ्यकर खाद्यबस्तु उपलब्ध गराउन तीनै तहको सरकारसँग समन्वय आवश्यक रहेको बताउनुभयो। "तीनै तहको सरकारसँग समन्वय गर्ने काम भइरहेको छ। किसानसँग प्रत्यक्ष जोडिएको स्थानीय सरकारसँगको समन्वय हाम्रो पहिलो प्राथमिकता हो," उप्रेतीले भन्नुभयो। खाद्य बैंक तथा सप्तरी उद्योग वाणिज्य संघ राजविराजको संयुक्त आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरीले किसानको उन्नती र विषादी रहित उत्पादनमा जोड दिनु आवश्यक रहेको बताउनुभयो।


## श्री रामवती जगदेव जनता प्राविधिक नमूना माध्यमिक विद्यालय बगडा

**लोहारपट्टी न.पा.-१, महोत्तरी (नेपाल)**

फोन नं.-९८६०६०२३५२
इमेल-mavibagada201@gmail.com

### प्राविधिक धार तर्फ ल्याव असिस्टेन्ट आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकासित मिति २०८१।१२।२० गते**

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स.को मिति २०८१।११।०७ गतेको निर्णय तथा स्थानिय तह लोहारपट्टी नगरपालिकाको मिति २०८१।१२।११ गतेको पत्रानुसार करार नियुक्ति तथा पद पुर्तिका लागि अनुमति प्राप्त भै यस विद्यालयले प्राविधिक धार तर्फ ल्याव असिस्टेन्ट पदमा खुल्ला करार नियुक्तिका लागि निवेदन आव्हान गरिएको र योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले समयमा आवेदन दिन जानकारीको लागी अनुरोध गरिन्छ।

**तपसिल**

| क.सं. | पद | परीक्षा को किसिम | संख्या | दस्तुर रू | योग्यता |
|---|---|---|---|---|---|
| १ | ल्याव असिस्टेन्ट | लिखीत तथा मौखिक | १ | २५००। | मान्यता प्राप्त शिक्षण संस्था वाट कम्तिमा सिभिल ईन्जिनीयरीङ विषयमा टि.एस.ई.ई. वा डिप्लोमा इन सिभिल ईन्जिनीयरीङ वा प्राविधिक धार तर्फ वाट कक्षा १२ उत्तीर्ण गरेको। |

**तपसिल**

१) उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।
२) मासिक त.भ.प्रा.शि.तृतिय श्रेणी सरह।
३) नेपाली नागरिक हुनुपर्ने।
४) सर्टिफिकेटको फोटोकापी, २ प्रति फोटो र नागरिकताको प्रतिलिपि।
५) निवेदन दिन अन्तीम म्याद २०८२।०१।०३ सम्म मात्र।
६) सम्पर्क मिति २०८२।०१।०४ गते र परीक्षा मिति सोही दिन तोकिने छ।

**नोट :** अन्य थप कुराको जानकारीका लागी विद्यालय प्रशासनमा सम्पर्क गर्न सक्नेछ। (९८६०६०२३५२)

**प्रधानाध्यापक**


## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: अनावश्यक चिन्ता
मिथून: मनमा पछुतो आउने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: पिछडेको साथी मिल्ने
कन्या: खानपानमा समस्या आउने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: मित्रतामा फाटो आउने
मीन:आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६००००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्पको भन्सार महसुलको जवाफ ईयूले अप्रिल अन्त्यसम्ममा दिने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ चैत्र



युरोपेली सङ्घ (ईयू) ले संयुक्त राज्य अमेरिकाद्वारा बुधबार घोषणा गरिने नयाँ भन्सार महसुलको जवाफ 'अप्रिल महिनाको अन्त्यभित्र' दिने फ्रान्सेली सरकारका प्रवक्ताले मन्त्रिपरिषद्को बैठकपछि बताएकी छन् । "त्यहाँ दुईवटा जवाफहरू हुनेछन्।

पहिलो, अप्रिलको मध्यमा हुनेछ, त्यो स्टिल र एल्युमिनियममा पहिले नै निर्णय गरिएको भन्सार महसुलको प्रतिक्रिया हो", सरकारी प्रवक्ता सोफी प्रिमासले भनिन्, "त्यसपछि क्षेत्र-क्षेत्र अनुसार विस्तृत अध्ययन हुनेछ र अप्रिलको अन्त्यअघि समन्वित, एकताबद्ध र बलियो तरिकाले युरोपेली निर्णय घोषणा गरिनेछ ।" फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले बुधबार अपराह्न युरोपेली आयोगका प्रमुख उर्सुला भन डेर लेयनसँग कुरा गर्नुहुने प्रिमासले बताइन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार अपराह्न ४ बजे (२००० जिएमटी) मा व्यापक 'मुक्ति दिवस' भन्सार महसुलहरू घोषणा गर्ने अपेक्षा गरिएको छ। युरोपेली सङ्घ (ईयू) को व्यापार नीतिका प्रभारी युरोपेली आयोगले फ्रान्सेली सरकारको टिप्पणीलाई पुष्टि गरेन। "जब व्यापार नीतिको कुरा आउँछ फ्रान्स युरोपेली सङ्घको तर्फबाट बोल्दैन।

हामी बोल्छौं", आयोगका व्यापार प्रवक्ता ओलोफ गिलले ब्रसेल्समा पत्रकारहरूलाई भने । भन डेर लेयन युरोपेली सङ्घका नेताहरूसँग सम्पर्कमा रहेको उनको प्रवक्ताले पुष्टि गरेका छन्।

# सिकन्दरको 'बिजोग' मा बलिउडको चुप्पीबारे यसो भन्छन् सलमान

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ चैत्र



बलिउडका भाइजान सलमान खानको बहुप्रतिक्षित फिल्म 'सिकन्दर' को बक्स अफिसमा हाल बिजोग छ। फिल्मले समीक्षक र दर्शकबाट मिश्रित प्रतिक्रिया पाइरहेको छ।

दुई दिनमै यस फिल्मले भारतीय बक्स अफिसमा १०० करोड कमाउने अपेक्षा गरिएको थियो। तर यो स्तर पार गर्न सलमानले अझै केही दिन कुर्नुपर्ने देखिएको छ । फिल्मको कलेक्सनको ग्राफ द्रुत रूपमा तलतिर खस्दैछ।

यतिबेला सलमानको एउटा भिडियो भाइरल भइरहेको छ, जसमा उनले आफूलाई सहयोगको आवश्यकता रहेको भनेको देखिन्छ। बलिउड बबलसँगको एक अन्तरवार्तामा उनले फिल्म उद्योगमा सेलेक्टिभ सपोर्टबारे कुरा गरेका थिए । सलमान प्रायः आफ्ना सहकर्मी र साथीहरूको फिल्मको प्रचार प्रसार गर्छन् । तर हिन्दी फिल्म उद्योग सिकन्दरको हरिबिजोगमा मौन छ।

**सपोर्ट त सबैलाई चाहिन्छ**

यस विषयमा टिप्पणी गर्दै सलमानले भने- 'उनीहरूलाई यस्तो लाग्न सक्छ कि मलाई सपोर्टको आवश्यकता छैन । तर, उनले तुरुन्तै भने, 'तर, यो त सबैलाई चाहिन्छ ।' त्यसपछि सलमानले आफ्ना सहकर्मीहरूको आगामी र हालसालै रिलिज हुन लागेका फिल्मबारे कुरा गरे। उनले सन्नी देओलको आगामी मास-एक्सन फिल्म जाटको नाम लिए। यो फिल्म यही अप्रिल १० मा रिलिज हुँदैछ । यसक्रममा उनले मलयालम ब्लकबस्टर एल २: एमपुरानको पनि उल्लेख गरे। यो फिल्म सिकंदरभन्दा दुई दिनअघि मात्र रिलिज भएको थियो । यसले पहिले नै रेकर्डहरू बनाइरहेको छ । यस फिल्ममा मोहनलाल र पृथ्वीराज सुकुमारनले उत्कृष्ट अभिनय गरेका छन्। रोचक कुरा के छ भने बलिउड स्टारहरूमध्ये, सनी देओलले मात्र सार्वजनिक रूपमा सिकन्दरको प्रचार गरेका छन्। उनले सलमानको फिल्मको लागि सामाजिक सञ्जालमा पोस्ट गरेका थिए। आमिर खानले पनि सलमान र निर्देशक एआर मुरुगादोससँग एक प्रमोशनल भिडियोमा भाग लिए।

# बिहीबारका लागि यस्तो छ विदेशी मुद्राको विनिमयदर




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ चैत्र

नेपाल राष्ट्र बैङ्कले बिहीबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । जसअनुसार आज अमेरिकी डलर एकको खरिददर १३६ रूपैयाँ ५० पैसा र बिक्रीदर १३७ रूपैयाँ १० पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १४७ रूपैयाँ ४१ पैसा र बिक्रीदर १४८ रूपैयाँ ०५ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७६ रूपैयाँ ६६ पैसा र बिक्रीदर १७७ रूपैयाँ ४३ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५४ रूपैयाँ ४२ पैसा र बिक्रीदर १५५ रूपैयाँ १० पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ०८ पैसा र बिक्रीदर ८६ रूपैयाँ ४६ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रूपैयाँ ३० पैसा र बिक्रीदर ९५ रूपैयाँ ७२ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०१ रूपैयाँ ६३ पैसा र बिक्रीदर १०२ रूपैयाँ ०७ पैसा निर्धारण गरिएको छ। यस्तै, जापानी येन १० को खरिददर नौ रूपैयाँ १५ पैसा र बिक्रीदर नौ रूपैयाँ १९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ७८ पैसा र बिक्रीदर १८ रूपैयाँ ८६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ३९ पैसा र बिक्रीदर ३६ रूपैयाँ ५५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ४५ पैसा र बिक्रीदर ३७ रूपैयाँ ६१ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर तीन रूपैयाँ ९९ पैसा र बिक्रीदर चार रूपैयाँ ०१ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ १६ पैसा र बिक्रीदर ३७ रूपैयाँ ३३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रूपैयाँ ६५ पैसा र बिक्रीदर ३० रूपैयाँ ७८ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ३३ पैसा र बिक्रीदर नौ रूपैयाँ ३७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रूपैयाँ ७० पैसा र बिक्रीदर १३ रूपैयाँ ७६ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ ७६ पैसा र बिक्रीदर १९ रूपैयाँ ८५ पैसा तोकिएको छ।

# एनएसएल २०२५ : झापा एफसी र काठमाडौं रेजर्स पहिलो जितको लक्ष्यमा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ चैत्र




झापा एफसी र काठमाडौं रेजर्सले नेपाल सुपर लिग (एनएसएल) २०२५ मा आफ्नो पहिलो खेलमा बराबरी खेलेका थिए। तेस्रो सिजनको उद्घाटन खेलमै काठमाडौंले दुई गोलले पछि परेको स्थितीमा पुनरागमन गर्दै साविक विजेता ललितपुर सिटीसँग २-२ को बराबरी खेलेको थियो।

अर्कोतर्फ झापाले भने एक खेलाडी कम भएको बुटवल लुबिनीसँग गोलरहित बराबरी खेलेर अंक बाँडेको थियो। झापाले पहिलो हाफमा उत्कृष्ट प्रदर्शन गरेपनि दोस्रो हाफमा त्यो प्रदर्शन कायम राख्न नसक्दा गोलरहित बराबरीमा रोकियो । त्यही काठमाडौं र झापाबीच एनएसएलमा बिहीबार प्रतिस्पर्धा हुँदैछ । खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा साँझ ६ बजे सुरु हुनेछ। झापा लकेन लिम्बुको कप्तानीमा मैदान उत्रँदैछ भने काठमाडौंको कप्तानी कुलदिप कार्कीले गर्नेछन्। यस पटक लिगच चरणमा ६ खेल मात्र हुनेछ र पहिलो खेलमै बराबरीमा रोकिएपछि दुवै टोली आफ्नो पहिलो जित निकाल्ने लक्ष्यमा छ। यी दुई टोलीबीच अहिलेसम्म एनएसएलमा जम्मा एक खेल भएको छ। दोस्रो संस्करणमा झापा र काठमाडौले गोलरहित बराबरी खेलेका थिए।






# सत्तामोहमा आततायी निर्मल निवास

-प्राविधिक हिसाबले बाहिर केही पात्र देखिए पनि पर्दाभित्र छुपेर निर्देशन र परिचालन गर्ने 'मास्टरमाइन्ड' लाई निर्दोष बन्ने छुट चेतनशील समाजले मान्दैन । गत साता राजसंस्था पक्षधरहरूलाई 'शान्तिपूर्ण' विरोध प्रदर्शनका लागि स्थानीय प्रशासनले काठमाडौंको तीनकुने क्षेत्र प्रदान गरेको थियो । तर प्रज्वलनशील इन्धनको डिपो र अन्तर्राष्ट्रिय विमानस्थल नजिकै रहेको स्थानमा आन्दोलन अशान्त मात्र भएन, विध्वंसात्मक देखियो ।

आन्दोलनका क्रममा एक टेलिभिजन पत्रकारसहित दुई जनाको ज्यान गयो । विमानस्थलभित्र आगो फ्याँकियो । जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडका कर्मचारीमाथि धरपकड गरियो र आगो लगाइयो । कान्तिपुर टीभी र अन्नपूर्ण पोस्टजस्ता सञ्चारगृहका कार्यालयमा आक्रमण गरियो । एकीकृत समाजवादीको पार्टी कार्यालयमा तोडफोड तथा आगजनी गरियो । निजी घर, गाडी तथा सार्वजनिक सम्पत्ति जलाइयो । भाटभटेनी सुपरमार्केटमा लुटपाट गरियो । आगो निभाउन गएको दमकलसमेत रोकियो, तोडफोड गरियो र फर्काइयो । प्रहरी तथ्यांकअनुसार प्रदर्शनकारीले १२ स्थानमा आगजनी गरेका र निजी तथा सरकारी गरी १८ भवन तोडफोड गरेका छन् । हिंसात्मक प्रदर्शनको जिम्मेवारी कसैले लिएको छैन । प्रदर्शनका कमान्डर दुर्गा प्रसाईं भागेका छन् । शान्तिपूर्ण प्रदर्शनलाई हिंसाका रूपमा भड्काउन आह्वान गर्ने र उक्साउने रवीन्द्र मिश्र र धवलशमशेर राणा तथा चोरी, तोडफोड, लुटपाट र आगजनीमा संलग्न केही व्यक्ति प्रहरी हिरासतमा छन् । संघीय तथा स्थानीय सरकार र गणतन्त्रवादी दलहरूले हिंसात्मक प्रदर्शनका लागि पूर्वराजा ज्ञानेन्द्र शाह मुख्य जिम्मेवार भएको दाबी गरेका छन् । यस घटनाको पृष्ठभूमि र प्रयोजन तथा राजनीति र सुरक्षा दृष्टिकोणलाई विश्लेषण गर्ने प्रयासस्वरूप यो लेख तयार गरिएको छ । **पृष्ठभूमि र प्रयोजन** चैत २५ को घटनाबाट मात्रै वास्तविक परिदृश्य बुझ्न सकिँदैन । केही वर्षदेखि शाहबाट देशभित्र र बाहिर भइरहेका नियमित तीर्थाटन र भेटघाट, प्रजातन्त्र दिवसका अवसरमा आउने कुण्ठाग्रस्त वक्तव्य, आफ्ना पूर्वसहयोगी र शुभचिन्तकलाई भेट्ने र संगठित हुने माहोल मिलाउनेजस्ता क्रियाकलाप परम्पराजस्तै बनेको छ । आन्तरिक हिसाबले राप्रपाको नेतृत्व फेरबदल र समीकरण बनाउने-भत्काउने, पुरातनवादी धार्मिक, सामाजिक, पेसागत संगठनमा पहुँच बढाउने, राजसंस्थाको आवश्यकताका नाममा लबिइङका लागि प्रेरित गर्ने काम निरन्तर भइरहेको छ । बढ्दो जनआकांक्षा पूरा गर्न वैधानिक सरकार प्रायः असफल देखिएको छ ।

यस पृष्ठभूमिमा उदासीन जनमत भड्काउने भाष्य बनाउन लगानी गर्ने कोसिसमा उनी भित्रभित्रै लाग्दै आए । तर यस वर्ष उनका यस्तै कार्यक्रम पनि बाह्य र आन्तरिक दुवै हिसाबले केही नौलो तर नियत प्रस्ट देखिने तरिकाले भएका थिए । देशभित्रैको विषयलाई मात्र हेर्ने हो भने उनले प्रजातन्त्र दिवसका दिन 'अब बेला आयो, हामीलाई सहयोग गर्नुहोस्' भनेर आफू फेरि राजनीतिमा फर्किने र अहिलेका प्रणाली, पात्र र प्रवृत्तिको विकल्प भएको आशय औपचारिक रूपमा बोले । साथै, आफू विकल्प भएको, आफूमा जनमत फर्किएको र जनप्रिय हुँदै आएको पुष्टि गर्न प्रदर्शन गर्ने चाँजोपाँजोसमेत मिलाए । गत फागुन २५ मा उनका समर्थकले गरेको स्वागत भनिएको कार्यक्रम एउटा त्यस्तै कदम थियो । उनका विश्वासका केही समूहको संयुक्त पहलमा उनलाई विमानस्थलबाट निर्मल निवाससम्म पुऱ्याइएको थियो । त्यस कार्यक्रममा यातायात अवरुद्ध भएका कारण



रोकिएका बटुवा कति थिए, रमिते कति थिए र समर्थक कति थिए, छुट्याउन कठिन भए पनि स्वागत भव्य नै देखियो । त्यसबाट शाह र समर्थकको उत्साह बढ्यो ।

कार्यक्रमको कसले जस लिने र को शाहको बढी निकट पुग्ने भन्ने होडबाजी अन्ततः आन्दोलन परिचालन समिति र सल्लाहकार समूह गठनसम्म पुग्यो । तर ती समितिमा रहेकाका विवादास्पद छविले राजतन्त्र चाहिन्छ भन्नेहरूबीच विभाजन र विचलन, चौतर्फी आशंका र खबरदारी, एकअर्काविरुद्ध प्रतिक्रियात्मक बन्दै गएपछि शाहले प्रतिरक्षा, थप समन्वय वा पहलका लागि ती समिति बनाएका थिए । समितिहरूमा राजनीतिमा निष्क्रिय रहेका महेन्द्रकालीन कुख्यात पञ्च र राजनीतिक दलबाट किनारीकृत भएपछि शाहनिकट पुगेका नवअवसरवादीले जिम्मेवारी पाउँदा पनि चरम संकटका बेलासमेत राजनीतिक अस्तित्व बचाउमा जुटेका र जोगिएका राप्रपाका कुनै नेता शाहको छनोटमा परेनन् । राप्रपा बिच्किएर राजसंस्थावादी सबै आन्दोलनमा समर्थन गर्ने तर आफूले छुट्टै आन्दोलन गर्ने घोषणा गरेपछि शाहको फागुन २५ को साख धर्मसंकटमा पऱ्यो ।

त्यति बेलाको जमघट, हप्तौंको प्रचारप्रसार र शाहलाई हाउस एरेस्ट गरिँदै छ भनेर फैलाइएको प्रपोगान्डाले उनका शुभचिन्तक र के भइरहेछ त भन्ने रमिते दुवै थरी सडकमा निस्किएका थिए । तर शाहलाई विमानस्थलदेखि निर्मल निवास पुऱ्याउने ऱ्यालीमै आयोजकमध्येका टाउकेबीच को र कसको भूमिका के कति छ भन्नेमा विवाद छताछुल्ल भयो । प्रजातन्त्रकालदेखि संगठित रूपमा यस विषयमा काम गर्दै आएको र राजनीतिक माहोल बनाउन प्रयासरत राप्रपा त तर्सियो नै । माओवादी र एमाले हुँदै राजावादी बनेका नवप्रवेशीहरूले पनि अन्ततः अपमानित नै महसुस गरे । यसरी कसैले पनि जस र अपनत्व नपाउने अवस्थामा पुगेको पूर्वघोषित आन्दोलन शाहको निर्मल निवास प्रवेशसँगैको दूषित परिवेशले प्रायः सुसंस्कृत राजनीति गर्ने वा पुरातन विचार पनि भावी विकल्प बन्न सक्छ भन्ठान्ने सबैमा उदासीनता छायो ।

सांभार : रातोपाटी ।


Wanted

1. Pre-Primary Teachers - Female - 2
2. Primary Teachers - Male or Female :
a. English-1
b. Science-1
c. Computer-1
d. Nepali-1

Highly experienced and degree holders will be called for interview. Smart Salary will be provided to the selected ones.Please whats app your CV and a hand written letter to 9824877627 .

Gyan Ganga I.P.School,Jnkr-12




मिथिला बिहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल








प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday